# अर्ध वार्षिक समिक्षा प्रतिवेदन

## आ. व. २०७९/८०

(नगर उपप्रमुख पुष्पराज खनालज्यूले ११ औं नगर सभामा पेश गर्नुभएको प्रगति प्रतिवेदन)

सघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले बिभिन्न कालखण्डमा गरेका गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन लगायतका अन्य संघर्षहरुमा जीबन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु, बेपत्ता, घाइते योद्धाहरु र पिडितहरु प्रति सर्बप्रथम उच्च सम्मान सहितको स्मरण गर्न चाहन्छु।यस परिबेशमा आइपुग्दै गर्दा बिभिन्न किसिमका चुनौतीपूर्ण परिस्थितिको सामना गर्दै दृढ आत्माबिश्वासका साथ आर्थिक वर्ष २०७९/८० को बजेट, नीति तथा कार्यक्रम कार्यन्वयनको हाल सम्मको समिक्षा प्रतिवेदन गरिमामय ११ औं नगर सभामा पेश गर्दैछु।यस अवधिमा १८ वटा कार्यपालिका बैठकहरु बसेका छौं। बिद्यायन समितिको १६ वटा बैठकबाट ८ वटा कार्यबिधि तर्जुमा गरि कार्यपालिकाबाट स्वीकृत भएको छ र ६ वटा कार्यविधि स्वीकृतीका लागि यसै सभामा पेश गरिएको छ।यस आ.ब.को नीति तथा कार्यक्रमको अर्धबार्षिक समिक्षा यस सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै खुसी छु।यस गरिमामय सभाका सभाध्यक्ष आदरणीय नगर प्रमुख खड्ग बहादुर गुरुङज्यू, प्रमुख अतिथि गण्डकी प्रदेश सभाका माननीय डा. टकराज गुरुङज्यू, बिशिष्ट अतिथि जिल्ला समन्वय प्रमुख आदरणीय पूर्ण बहादुर गुरुङज्यू, प्रमुख प्रशासकीय अधिकृत गोकर्णराज सुयलज्यू, सम्पुर्ण नगर सभा सदस्यज्यूहरु, सम्पूर्ण राजनितिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विभिन्न विषयगत शाखाका प्रमुख तथा कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु र नगरसभालाई नजिकबाट प्रत्यक्ष एवं संचार माध्यमबाट अवलोकन गर्नुहुने सबै नगरबासी आदरणीय आमा, बुबा, दाजुभाई र दिदीबहिनीहरु प्रति समेत राइनास नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।

**नगर सभाका सभासदज्युहरु,**

आ.ब.२०७९/८० को बार्षिक स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत हालसम्म नगरपालिकाबाट प्रवाह भएका कार्यक्रम र विकास निर्माणका कार्यहरुको भौतिक एवंम बित्तिय प्रगति निम्नानुसार प्रस्तुत गरेको छु।

**<u>आर्थिक प्रशासनतर्फः</u>**

१. यस आर्थिक वर्षमा हालसम्म चालु तर्फ कुल जम्मा ३८ करोड २० लाख ४ हजार बजेट विनियोजन भएकोमा हालसम्म १६ करोड ५३ लाख ८८ हजार खर्च भएको छ। जुन खर्च ४३.२९ प्रतिशत हुन्छ।त्यसै गरी पुँजीगततर्फ कुल जम्मा २२ करोड १९ लाख १० हजार बजेट विनियोजन भएकोमा हालसम्म ४ करोड ५७ लाख २२ हजार खर्च भएको छ। जुन खर्च प्रतिशतमा २०.५९ प्रतिशत हुन्छ।गतवर्ष सोही अवधिमा चालुतर्फ ३९.६२ प्रतिशत र पुँजीगततर्फ १६.६२ प्रतिशत खर्च भएको थियो। विकास निर्माणको भौतिक प्रगति करिब ५० प्रतिशत रहेको छ।

२. क्षेत्रगत खर्च हेर्दा आर्थिक विकास तर्फ ११.३५ प्रतिशत, सामाजिक विकास तर्फ ४१.२० प्रतिशत, पूर्वाधार विकास तर्फ १८.७८ प्रतिशत, सुशासन तथा अन्तर्सम्वन्धित क्षेत्र तर्फ २८.९९ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिक तर्फ ४४.१० प्रतिशत खर्च भएको छ।

३. नगरपालिकामा यस अवधिमा जम्मा ५९ लाख ४५ हजार २८२ रुपैया आन्तरिक राजस्व संकलन भएको छ।

**<u>योजना तथा पूर्बाधारतर्फः</u>**

४. नगरको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति सहितको आवधिक नगर विकास योजना निर्माण गर्न परामर्शदातासँग सम्झौता भै निर्माणको प्रकियामा रहेको छ।

५. राइनास नगरपालिकाको कुल विकास योजना ५३१ रहेको छ।पूर्वाधार विकास तर्फका १६९ वटा योजनाहरु मध्ये हालसम्म १३६ वटा योजना सम्झौता भएका छन्।गत आ.ब.को १५ वटा योजना ठेक्का प्रक्रिया मार्फत निरन्तर कार्यान्वयनमा लगिएकोमा १२ वटा योजना सम्पन्न भई सकेको र अन्य सम्पन्नको अन्तिम चरणमा रहेको छ।उपभोक्ता समितिबाट सञ्चालनका लागि सम्झौता भएका योजना मध्ये ५५ वटा योजनाको भुक्तानी भईसकेको छ।

६. विगत ५ वर्षमा कार्यान्वयनमा जान नसकेको रु. ३३ करोड लागत अनुमान रहेको राइनास बृहत खानेपानी योजना कार्यान्वयनको चरणमा रहेको छ।

७. हर्रबोट मोहरीयाकोट प्यारजुङ सडकको लागि विनियोजन भएको रु. २५ लाखको कार्य प्रारम्भ भै सम्पन्न भएको छ।

८. १५ सैयाको नगरपालिकास्तरीय अस्पताल अल्काटारको निर्माण कार्य निरन्तर संचालनमा रहेको र हाल ७३.८ प्रतिशत काम सम्पन्न भैसकेको छ।

९. वडा नं. १० स्थित प्यारजुङ आलडाँडा सडक निर्माण कार्य सम्पन्न भई सकेको छ।

१०. राइनास नगरपालिका प्रशासकीय भवन निर्माण कार्य हालसम्म ७६.०१ प्रतिशत सम्पन्न भएको छ। चालु आ.व. भित्र प्रशासकीय भवन सम्पन्न गर्न निर्माण व्यवसायीलाई ताकेता गरिएको छ।

११. राइनास नगरपालिकाको वडा न. १० मा निर्माण गरिएको स्वास्थ्य चौकी विधिवत् रुपमा उद्घाटन गरी स्वास्थ्य सेवा कार्य प्रारम्भ गरिएको छ ।

१२. तेस्रे माझीगाँउ महादेवस्थान सग्रबास सात्तले कुडुले सिमघारी रिङरोड (वडा नं.८) को ग्राभेल तथा जाली भर्ने कार्य सम्पन्न भएको छ।

१३. बोराङ प्यारजुङ सडक वडा न. १० को सम्झौता भै नाली तथा अप्ठेरो मोडमा ग्राभेल, जाली भर्ने र अप्ठेरो मोडमा ढलान कार्य ८० प्रतिशत कार्य सम्पन्न भई सकेको छ।

१४. हर्रबोट, मोहोरियाकोट, प्यारजुङ सडक खण्ड मर्मत अन्तर्गत (वडा न. ८ र ९) को मर्मत कार्य सम्पन्न भएको छ।

१५. बिरभक्ति मा.बि. तार्कुघाट, श्री शिशु बिद्याश्रम मा.बि. तीनपिप्ले, श्री शारदा मा. बि. गरमबेशी, श्री ज्ञानोदय मा.बि. साहिलीटारको चार कोठे भवन र श्री जनता मा. बि. कुडुलेको दुई कोठे भवनको निर्माण कार्य सम्पन्न भएको छ।

१६. राइनास नगरपालिका तिनपिप्लेमा निर्माण भएको कभर्डहल र वडा नं. २ को वडा कार्यालय भवन निर्माण सम्पन्न भै उक्त योजनाहरुको अन्तिम बिल भुक्तानीको चरणमा रहेको छ।

१७. राइनास नगरपालिकाको वडा न. ३ मा निर्माणधिन तरकारी संकलन केन्द्रको ६५ प्रतिशत कार्य सम्पन्न भएको छ।

१८. धमिलिकुवा स्वास्थ्य चौकी १५ शैयामा स्तरोन्नतीको सम्झौता भै काम अगाडी बढीसकेको छ।

१९. नगरपालिकाको रिङ्गरोडको रुपमा रहेको तीनपिप्ले, बोराङ्गखोला, प्यारजुङ्ग, राइनासकोट, हर्रबोट, धमिलीकुवा हुदै केन्द्रसम्मको सडक बाह्रै महिना संचालन योग्य बनाउन करिब ३ करोडको स्रोत सुनिश्चित गरी कार्य प्रारम्भ भएको छ।

२०. वडा न. ३ को वडा कार्यालय भबन, वडा न. ३ को स्वास्थ्य चौकी भबन, बगरगाँउ उपल्लोफाँट टुडाबगर सडक, बोराङखोला मसार भंगेरी काप्रेचौर कत्रेनी लामागाँउ रिङरोड, राइनास नगरपालिकाको प्रशासकीय भबनको नेट वर्किग, वडा न. ७ को वडा कार्यालय भबन, रुद्र मा.बि. चारकोठे भबन,वडा न.२ नयाँ वडा कार्यलय जाने बाटो, बुद्धमिलन मा.बि.को दुइकोठे भबन, श्री शिशु बिद्याश्रम मा.बि. तिनपिप्लेको छात्राबास निर्माण योजनाहरुको ठेक्का प्रकिया पुरा गरी निर्माण कार्य भई रहेको छ।

२१. राइनास नगरपालिका वडा न. ६ को स्याउलीमा अबस्थित कोल्ड स्टोर निर्माणको ठेक्का सम्झौताको प्रक्रियामा रहेको छ।

२२. राइनास नगरपालिकाको स्वागत गेट नगरपालिकाको वडा न. ८ मर्स्याङदी नदी पाउँदी र राइनासकोट प्रवेशद्धारमा नगरपालिकाको पहिचान झल्किने स्वागत गेट निर्माणधिन अबस्थामा रहेको छ।

२३. राइनास नगरपालिका वडा न.४ मा ल्याण्डफिल्ड पार्क निर्माणका लागि ठेक्का खुलाई सकेको र सम्झौताको प्रक्रियामा रहेको छ।

२४. राइनास नगरपालिका वडा न. ६ स्याउलीमा रहेको औद्योगिकग्राम भित्र बधशाला निर्माणको लागि ठेक्का आव्हान गरिएको छ।

२५. नमुना बिद्यालय अन्तर्गत शौभाग्योदय मा. बि.को भबन निर्माण कार्य अगाडी बढेको छ।त्यसैगरी शैलपुत्री मा.बि.मा शौचालय निर्माण प्रक्रियामा रहेको छ।

२६. राइनासटार सिंचाइ आयोजनको लागि विनियोजन भएको रु. ४० लाखको सम्झौता भै कार्य प्रारम्भ भएको छ।

२७. पाङ्ग्रे हर्रबोट सिंचाइ आयोजनको लागि बिनियोजन भएको रु १० लाखको सम्झौता भै कार्य प्रारम्भ भएको छ।

२८. राइनास नगरपालिकामा हाल सम्म जम्मा ६६२ घरहरुको नक्सापास एवं अभिलेखिकरण भएका छन।यस आ.व. मा ६ वटा घर अभिलेखीकरण, ५ वटा घरकायम, नया घर नक्सा पास अन्तर्गत ३ वटा अस्थायी, ७ वटा स्थायी र ३ वटा सम्पन्न भएका छन्।प्रक्रियागत रुपमा नक्सा पास गरी घर निर्माण गर्ने भन्दा घर अभिलेखीकरण गर्ने सङ्ख्या बढी रहेको छ।

**आदरणीय सभाअध्यक्षज्यू,**

अब म नागरिकको सरोकार र दैनिक जिवनसँग जोडिएको आधारभूत बिकासका पूर्वाधारका कार्यक्रम कार्यन्वयनको अवस्थाको बारेमा चर्चा गर्ने अनुमति चाहान्छु।

**प्राविधिक शाखा-अमिन सेवा तर्फः**

२९. न्यायिक समितिको मुद्दा निरुपण गर्न फिल्ड अनुगमन ४ वटा, राइनास नगरपालिका प्रशासनिक भबन, १५ शैयाको नगर अस्पताल अल्काटार, बिद्यालय २ वटा, वडा कार्यालय भबन ३ वटा, सार्बजनिक जमिन वडाको सिफारीसमा ८ वटा, व्यक्तिको निबेदन अनुसार जग्गा नापजाँच १८ वटा, अभिलेखिकरण घर कायम घर नक्सा घर सम्पन्न १६ वटा, बन कार्यालय अन्तर्गतको ३ वटा, आमा समुह भबनको जग्गा ५ वटा, जग्गा बर्गिकरण १ वटा, नदीजन्य पदार्थ उत्खननको लागि जग्गा रेखाङ्कन १ वटा, सडकको मापदण्ड १० वटाको स्थलगत निरीक्षण तथा अनुगमन गरी जग्गा रेखाङ्कन सिमाङ्कन कार्य गरिएको छ।

३०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत ३० वटा योजना रहेकोमा २८ वटा योजना सम्झौता भएको र १३ वटा योजनाहरु सम्पन्न भएका छन्।

३१. राइनास नगरपालिकाबाट संचालित डोजरले यस आ.व. ४०८.९२ घण्टा कार्यसम्पादन गरेको छ। उक्त अवधिमा ३२७१ लिटर इन्धन प्रयोग गरी करिव ८ लाख ९९ हजार १६० आम्दानी गरेको छ।

३२. यस आ.ब.मा पूर्वाधार तर्फ कुल बजेट रु १२,८३,५०,००० रहेकोमा हाल सम्म रु २,२४,०५,८३७ खर्च भएको छ जुन १७.४५ प्रतिशत खर्च रहेको छ।

**शिक्षा, युवा तथा खेलकुद शाखातर्फः**

३३. यस नगरपालिका भित्र जम्मा ३६ वटा सामुदायिक विद्यालयमा विविध दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको संख्या ३४४ रहेको छ।नगरपालिकाभित्र जम्मा ११ वटा मा.वि, १ वटा आधारभुत विद्यालय, २४ वटा प्रा.वि र ५ वटा संस्थागत विद्यालय छन।जसमा जम्मा ४७१८ विद्यार्थी सङ्ख्या रहेका छन।जसमध्ये सामुदायिक विद्यालयतर्फ ४०२९ र संस्थागत विद्यालय तर्फ ६८९ जना विद्यार्थी रहेका छन।यस शैक्षिक सत्रमा गत शैक्षिक सत्रमा भन्दा २९७ जना बिद्यार्थी कम भर्ना भएका छन।

३४. श्री महेन्द्रबाल विकास मा.वि. बोराङ,शिशु विद्याश्रम मा.वि. तिनपिप्ले,शारदा मा.वि. गरमबेशी,र रुद्र मा.वि. हर्रावोट लाई माध्यमिक तह कक्षा ९-१० मा अंगेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान उपलब्ध गराइएको छ।

३५. नियमित मासिक प्र. अ. बैठक ७ वटा बसेको छ। उक्त बैठकमा बिद्यालयका समस्या तथा कार्यक्रम एबं बिबिध पक्षमा छलफल गरि योजनाहरु कार्यन्वयन गर्ने गरिएको छ।

३६. शैक्षिक प्रोफाइल निर्माणका लागि तथ्याङ्कहरु संकलन कार्य भइरहेको छ।

३७. स्थानिय पाठ्यक्रम कक्षा १-५ को गत आ.ब.मा नै निर्माण गरी प्रयोगमा ल्याइएकोमा सबै बिद्यालयका स्थानिय पाठ्यक्रम शिक्षण गर्ने ४० जना शिक्षकहरुलाई दुई कलस्टरमा बिभाजन गरी २ दिने अभिमुखिकरण तालिम संचालन गरी उत्पन्न समस्या समाधान गर्ने तथा पृष्ठपोषण लिनेदिने प्रयास गरिएको छ।

३८. स्थानिय पाठ्यक्रम (कक्षा ६-८) निर्माण सम्वन्धी प्राविधिक समिति र सल्लाकार समिति निर्माण गरिएको र प्राविधिक समितिवाट सुचना, तथ्याङ्क र नमुनाहरु संकलन गरि पाठ्यक्रम निर्माणका लागि ३ दिने कार्यशाला संचालन गरिएको छ।

३९. बाल दिवसमा नगरस्तरीय माध्यमिक तहका विद्यार्थीहरुको सहभागितामा **बिज्ञान बरदानकी अभिसाप** भन्ने बिषयमा बादबिबाद र आधारभुत तहस्तरीय गाउँखाने कथा प्रतियोगिता संचालन गरी मनाइएको छ।

४०. नगरसभाबाट स्वीकृत वार्षिक बजेटबाट यस पालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा ९ वटा माध्यमिक तह तृतीय श्रेणी सरहको तलव खाने गरी दरबन्दी सृजना गरी शिक्षण कार्यलाई स्तरोन्नती गर्ने प्रयास गरिएको छ।

४१. विद्यालयमा शैक्षिक तथा भौतिकपक्षको समुह अवलोकन, निरीक्षण र अनुगमन गरी भौतिक, शैक्षिक र व्यवस्थापकीय सुधारका पक्षमा पृष्ठपोषण दिने कार्य भएको छ।जस अन्तर्गत १५ बिद्यालयको सघन अनुगमन गरिसकेको छ।

४२. राइनास शैक्षिक मेला तथा प्रतिभा पहिचान कार्यक्रम श्री शौभाग्योदय माध्यमिक बिद्यालयमा भब्य रुपमा सम्पन्न गरिएको छ। १५ बिधामा २ दिने उक्त कार्यक्रम संचालनबाट ठूलो संख्यामा बिद्यार्थीहरु र शिक्षकहरु पुरस्कृत र सम्मानित भएका छन्।

४३. बिद्यालय तहको गणित बिषयको नतिजा ज्यादै कमजोर भएकाले सुधारको लागि गणित बिषयको ल्याब निर्माण तथा प्रयोग सम्बन्धी तालिम संचालन गरिएको। उक्त तालिमबाट ६० जना गणित शिक्षक लाभान्बित भएका छन।

४४. प्रबिधिमैत्री हरियाली बिद्यालय बनाउने अभियान अन्तर्गत राइनास नगरपालिकाका सबै सामुदायिक बिद्यालयहरुमा कम्प्युटर तथा इन्टरनेटको व्यबस्थापन गरिएको छ।जसबाट बालबालिकाहरुले बिद्यालयमा प्रबिधि उपयोग गर्न पाउने बाताबरण सुनिश्चत गरेको छ।साथै बिद्यालय हरियाली कार्यक्रम अन्तर्गत २३५० वटा बिभिन्न किसिमका फलफुलका बिरुवाहरु बिद्यालयका हाताभित्र रोपण कार्यक्रम संचालन गरिएको छ।

४५. बिद्यालयको लेखा पद्धतिलाई व्यवस्थित गरी बिद्यालयमा वित्तीय अनुशासन कायम गर्न लेखा परिक्षक नियुक्ती गरि लेखा परीक्षण कार्य भई रहेको छ।

४६. बिद्यालयमा अतिरिक्त क्रियाकलाप मार्फत बिद्यार्थीहरुको शारिरीक तथा मानसिक बिकासका लागि खेलकुद अपरिहार्य रहेकाले खेलकुदलाई व्यवस्थित बनाउनका लागि हाललाई २ जना कराते प्रशिक्षक ३ महिनाको लागि करारमा नियुक्ति गरि मा.बि. तहका बिद्यालयमा कम्तिमा हप्तामा २ दिन प्रशिक्षण गराउने व्यबस्था गरिएको छ।

४७. प्राबिधिकधार संचालित बिद्यालयहरुमा रहेका प्राबिधिक ल्याबहरुलाई व्यबस्थित गर्दै श्री शिशु बिद्याश्रम मा.बि.मा सिभिल इन्जिनियरीङको ल्याब, श्री शैलपुत्री मा.बि.मा पशु बिज्ञान सम्बन्धी ल्याब र श्री शौभाग्योदय मा.बि.मा बाली बिज्ञान सम्बन्धीको ल्याबलाई नगरपालिकास्तरीय ल्याब बनाउनको लागि कार्यापालिकाबाट पास गरी कार्यन्वयनमा लगिएको छ। जस अन्तर्गत श्री शिशु बिद्याश्रम मा.बि.ले निर्माण सम्बन्धी योजनाहरुको ३० वटा गुणस्तर परिक्षण क्युव टेस्ट गरिसकेको छ।

४८. शिक्षा शाखाबाट सम्पादित हुने सम्पुर्ण कार्यक्रमहरु बार्षिक क्यालेण्डर अनुसारको योजना अनुरुप भै राखेको छ।

४९. जिल्लास्तरीय राष्ट्रपति रिनिङ्गशिल्ड प्रतियोगिता राइनास नगरपालिकाको व्यवस्थापकीय साझेदारीमा संचालन गरिएको छ।उक्त प्रतिस्पर्धामा राइनास नगरपालिकाले १४ स्वर्ण ९ रजत र १५ कास्य पदक सहित प्रथम स्थान हाँसिल गरी जिल्लाकै शैक्षिक तथा खेलकुद क्षेत्रमा नगरपालिकाले नयाँ रेकर्ड राख्न सफल भएको छ।

५०. नगर क्षेत्रको शैक्षिक समस्याहरुको पहिचान र सुधारका विकल्पहरु सहितको सर्वस्वीकार्य दिर्घकालिन शैक्षिक सुधारको मार्गचित्र तर्जुमा गर्न विभिन्न पेशागत संघ संगठन, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र विद्यार्थीहरुको राय सल्लाह सुझाव लिने अन्तरक्रिया सुरुवात भएको छ।

५१. २०७९ चैत्र ७ गतेदेखि सुरु हुने नगरपलिकास्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा-८) लाई आवश्यक पर्ने सबै तयारी सम्पन्न भएको छ।शैक्षिक गतिविधिलाई नियमित र शिक्षण सिकाइलाई प्रभावकारी बनाउनको लागि प्रत्येक शिक्षकका हातमा शैक्षिक डायरी पुऱ्याउने लक्ष्यका साथ शैक्षिक डायरी तयारी कार्य अन्तिम चरणमा रहेको छ।

५२. छात्राहरुको शैक्षिक गतिविधिमा नियमितता ल्याउनको लागि नेपाल सरकारले निशुल्क वितरण गर्दै आएको सेनेटरी प्याडको खरिद प्रक्रिया अगाडी बढाइएको छ।

५३. यस आ.ब.मा शिक्षा तर्फ बजेट कुल रु २०,९०,८०,००० बिनियोजन भएकोमा हाल सम्म रु ९,६३,००,१८६.८७ खर्च भएको छ जुन ४६.०६ प्रतिशत हुन आउछ।

**आदरणीय सभाअध्यक्षज्यू,**

अब म मेरो स्वास्थ्य मेरो जिम्मेवारीको आकांक्षलाई पुरा गर्न नगरपालिकाले स्वास्थ्य क्षेत्रमा गरेको सुधारका प्रयासहरुको बारेमा गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**<u>स्वास्थ्य शाखा तर्फः</u>**

५४. प्यारजुङ स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न गरी बर्थिग सेन्टर संचालनमा ल्याइएको छ।यसबाट प्यारजुङबासीको स्वास्थ्य संस्थामा सुत्केरी गराउने सपना पुरा भएको छ।

५५. Oxytocin भण्डारणका लागि ILR फ्रिज खरिद गरी कोल्डचेन व्यवस्थपन गर्न कोल्डचेन सेन्टर धमिलिकुवा स्वास्थ्य चौकीमा स्थापना गरिएको छ।

५६. आकस्मिक अबस्थामा आबश्यक रहेको अत्याबश्यक औषधी खरिद गरी औषधीको निरन्तर आपूर्ति हुने व्यवस्था मिलाइएको छ।

५७. स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मापदण्ड अनुगमन मुल्याङकन (HPMSS) कार्यक्रम संचालन भएको जसले गर्दा स्वास्थ्य संस्थाहरुको अबस्था बारेमा जानकारी प्राप्त भएको छ। उक्त मुल्याङकनमा तार्कुघाट स्वास्थ्य चौकी निलो, प्यारजुङ र मोहोरियाकोट स्वास्थ्य चौकी पहेलो इन्डीकेटरमा परेका छन्।

५८. २६ जना HIV/AIDS संक्रमितहरुलाई पोषण तथा यातायात खर्च प्रदान गरिएको छ। जसले संक्रमित प्रति हुने गरेको लान्छना र भेदभाबलाई कम गर्न सफल भएको छ।

५९. बर्थिग सेन्टरमा सुत्केरी हुने महिलाहरुलाई सुत्केरी प्रोत्साहन र यातायात खर्च प्रदान गरिएको छ।हाल सम्म संस्थागत सुत्केरी ३१ जनाको भएको छ। यस कार्यक्रमले सुत्केरीहरुमा प्रोत्साहन बढ्नुका साथै आर्थिक अभाबले आमा तथा नबजात शिशुको स्वास्थ्य अवस्थामा सुधार ल्याउने छ।

६०. आकस्मिक रुपमा निशुल्क गर्भपतन सेवा कार्यक्रम धमिलिकुवा र चक्रतीर्थ स्वास्थ्य चौकीबाट संचालन भएको जसले अनिश्चित गर्भाधानको समस्या समाधान हुनेछ।

६१. कोभिड-१९ खोप डिजिटाइजेसन तथा क्यु आर कोड प्रमाणीकरण र परिमार्जित HMIS tools सम्बन्धि अभिमुखीकरणले स्वास्थ्यकर्मीहरुलाई नयाँ अपडेटको बारेमा जानकारी भएको छ।

६२. पालिकास्तरीय पोषण कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा सम्पन्न भएको छ।

६३. स्तनपानको महत्वबारे शिक्षा प्रदान गर्न बिश्व स्तनपान सप्ताह कार्यक्रम संचालन गरिएको छ।

६४. क्षयरोग कार्यक्रमको अर्धबार्षिक समिक्षा तथा कोहर्ट (COHORT ANALYSIS) बिश्लेषण गर्नाले क्षयरोगको अबस्था बारेमा जानकारी प्राप्त हुनुका साथै समाधानका योजना बनाउन सजिलो भएको छ।

६५. जेष्ठ नागरिक घरदैलो कार्यक्रम १० वटै वडाहरुको २५ स्थानमा संचालन गरिएको छ उक्त सेवाबाट हिडडुल गर्न नसक्नेहरु ९१४ जना जेष्ठ नागरिकहरु लाभान्वित भएका छन्।

६६. राष्ट्रिय भिटामिन ए कार्यक्रम संचालन भएको छ जसमा ६ महिना देखि ५ बर्ष सम्मका १०१६ जना बालबालिकाहरु लाभान्वित भएका छन। जसले बालबालिकामा रोगसँग लड्न सक्ने क्षमताको बिकास भएको छ।

६७. कोभिड विरुद्धको प्रथम, दोस्रो र तेस्रो डोज खोप सेवाबाट क्रमश १६२२५, १५१३८ र ९५७१ नगरवासी लाभान्वित भएका छन् जसबाट नागरिकको रोग प्रतिरोगात्मक क्षमता अभिवृद्धि गर्न सहयोग पुगेको छ।कोभिड खोपको क्यु.आर. कोड प्रमाणिकरण गर्ने क्रममा ८२२ जना सेवाग्राहीले प्रमाणीकरण प्रमाण-पत्र लिएका छन्।

६८. २०७९ पौष २५ गतेदेखि २८ गतेसम्म प्यारजुङ, मोहोरिया, टिमुरे र धमिलिकुवा स्वास्थ्य चौकीहरुमा संचालन गरिएको महिलाहरुको पाठेघर सम्बन्धि समस्या पहिचान VIA camp तथा लामो अबधिको परिवार नियोजन साधन प्रयोग गर्ने कार्यक्रममा वडा नं.९ मा ७५ जना वडा नं.१० मा १३४ जना, वडा नं.३ मा २३५ जना र वडा नं.६ मा १४८ जनाले सेवा लिएका थिए।जम्मा ५७२ जनाको परिक्षणमा VIA test-३३१ जना, इनप्लान्ट सेवा-२० जना, आङखस्ने समस्याको लागि रिङ प्रयोग-११ जना र क्यान्सरोग सम्भाबित- ६जना रहेका छन्।

६९. ७० औ बिश्व कुष्ठरोग दिबस वडा नं.३ मा जनप्रतिनिधिहरु, स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयसेबिकासंग अन्तर्किया गरी मनाइएको छ।

७०. किशोरी लक्षित आइरन चक्की बितरण कार्यक्रम बिद्यालयहरु मार्फत हप्ताको १ दिन २६ हप्तासम्म खुवाउने गरी संचालन गरिएको छ।

७१. हात्तिपाइले रोग निवारण कार्यक्रममा नगरपालिकाका औषधि खानुपर्ने १६४३७ जनसंख्या मध्ये १५५०८ (९४) प्रतिशत जनसंख्यालाई औषधि खुवाइएको छ।

७२. तार्कुघाट र धमिलिकुवा स्वास्थ्य चौकीमा संचालित ल्याबको लागि आबश्यक ल्याव सामाग्रीहरु व्यवस्था गरी निरन्तर रुपमा सेवा उपलब्ध गराइएको छ।

७३. यस आ.ब.मा कुल बजेट रु ५,३१,५२,००० बिनियोजन गरिएकोमा रु १८९९८१५९ खर्च भएको जसमा ३५.७४ प्रतिशत खर्च भएको छ।

<u>आयुर्वेद शाखा तर्फः</u>

औषधि खरिद कार्यक्रम अन्तर्गत खरिद गरिएका बिभिन्न किसिमका औषधिहरुलाई बहिरंग सेवाको रुपमा २७९२ सेवाग्राहीलाई औषधि बितरण गरियो जसले नागरिकको स्वास्थ्य प्रवर्द्धन र रोगीको रोग निर्मुल गर्न सहयोग पुगेको छ।यसै गरी पंचकर्म सेवातर्फ ३०० जनाले सेवा पाएका छन।

७४. स्तनपान गराउने आमाहरुबाट मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी एवं अन्य औषधि बितरणबाट ३७ जना लाभान्वित भएका छन्।जेष्ठ नागरिक स्वास्थ्य प्रबर्धन कार्यक्रमबाट ३४७ जना जेष्ठ नागरिकले सुबिधा लिएका छन।

७५. नागरिक आरोग्य सेवा कार्यक्रममा वडा नम्बर १-१० सम्म नागरिक आरोग्य समूह गठन भै सकेका छन् र नगरपालिकास्तरीय नागरिक आरोग्य समिति पनि गठन गरिएको छ।

७६. बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम राइनास नगरपालिका वडा न. ७ को श्री शारदा मा.बि.का बिद्यार्थीहरुलाई सहभागी गराइएको थियो।

७७. राष्ट्रिय योग दिवस श्री भैरव मा.बि मोहोरियाकोटमा **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** शिर्षकमा अन्तर माध्यमिक विद्यालय बक्तृकला प्रतियोगिता संचालन गरिएको जसमा २५३ जना विद्यार्थीहरु लाभान्वित भएका थिए।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म नगरपालिकाको बिकासको पहिलो प्राथमिकतामा रहेको कृषि क्षेत्रलाई व्यवसायिकरण, आधुनिकरण र यन्त्रिकरण गरी कृषि पेसालाई सम्मानित पेसाको रुपमा विकास गर्न यस अवधिमा नगरपालिकाले सम्पादन गरेका मुख्य मुख्य कार्यहरुको बारेमा गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**पशुपन्क्षी शाखा तर्फः**

७८. गाई/भैसी पालन सम्बन्धि समुह र सहकारीलाई तालिम संचालन भएको छ। कृषकहरुलाई उन्नत पशुपालनमा व्यवसायिक बन्न उत्प्रेरित गराएको छ। उक्त तालिम बाट ९० जना गाई/भैसी पालक कृषकहरु लाभान्वित भएका छन।

७९. नगरपालिकास्तरीय गाई/भैसी पालन सम्बन्धि १ दिने गोष्ठी आयोजना गरि उहाँहरुको सुझाब तथा गुनासाहरु बुझ्ने काम भएको छ। उक्त कार्यक्रममा ६८ जना कृषकहरुको सहभागीता रहेको थियो।

८०. गाई/भैसी पालक ३ जना कृषकहरुलाई ७ दिने तालिमको लागि गण्डकी प्रदेश तालिम केन्द्रमा पठाइ पशुपालन सम्बन्धी आधारभुत ज्ञान हाँसिल गर्ने अबसर उपलब्ध गराइएको छ।

८१. राइनास नगरपालिकाको वडा न. ९ र १० को बाख्रा पालन पकेट क्षेत्रमा करिव १५०० बाख्राहरु रहेका छन। उक्त बाख्रा पकेट क्षेत्रका ९७ जना बाख्रापालक कृषकहरुलाई नगर प्रमुख सहित चितबन जगतपुरमा रहेको बाख्रा पालन फर्म तथा कृषि क्षेत्रको १ दिने अबलोकन भ्रमण गराइएकोमा उक्त कार्यक्रमबाट बाख्रापालन सम्बन्धी ज्ञान तथा अनुभबहरु प्राप्त भएको छ।

८२. दशै तिहार लक्षित हाटबजार (खसी बोका) कार्यक्रम संचालनमा ३३९ वटा खसी/बोका बिक्रिबितरण भएको थियो। जसमा ६५८० के.जी. मासु बराबरको रु २,५४,५२१ नगद अनुदान कृषकहरुलाई बितरण गरिएको थियो। यस कार्यक्रमबाट २७३ जना घरपरिबार लाभान्बित भएका छन्।

८३. कृषि तथा पशुजन्य उत्पादनमा आधारित दुध उत्पादन अनुदान कार्यक्रमले कृषकको आम्दानीमा बृद्धि भएको छ। श्राबण महिना देखि फागुन महिना सम्ममा करिव १ लाख ५० हजार लिटर दुध संकलन भएको छ। जसमा २,५५,६४५ रुपैया नगद अनुदान कृषकहरुले प्राप्त गरिसकेका छन। यस कार्यक्रमबाट १२० भन्दा बढी कृषकहरु लाभान्बित भएका छन। नगरपालिकाले दुध उत्पादन लागत घटाउन वडा नं. १,२,३, ४ र ५ का कृषकहरुको निशुल्क दुध ढुवानीको व्यवस्था गर्दै आएको छ। उक्त सेवालाई दुध उत्पादन पकेट क्षेत्रका सबै किसानहरु समक्ष पुऱ्याउनु पर्नेछ।

८४. पशु औषधि खरिद गरी १० वटै वडाहरुमा बितरण गरिएको छ जुन औषधि वडामा खटिएका पशु प्राबिधिकहरुबाट वितरण हुने व्यबस्था गरिएको छ जसले पशु स्वास्थ्यमा सुधार, उत्पादनमा बृद्धि हुने बिश्वास लिइएको छ।

८५. घाँसको बिउ, बिरुबा खरिद बितरण गरिएको छ। सुख्खा समयमा हरियो घाँसको निरन्तर आपुर्ति गर्न हिउदे घाँस जै को बिउ १८५० के.जी. खरिद गरि ५० प्रतिशत अनुदानमा ६५० जना कृषकहरुलाई बितरण गरिएको छ। साथै १३०० के.जी. सुडान घाँस बितरणको तयारीमा रहेको छ।

८६. बिश्व रेबिज दिबस कार्यक्रम संचालन गरिएको छ उक्त कार्यक्रमले प्राणघातक रोगबाट बचाउन सहयोग गर्नेछ।

८७. आ.ब. २०७९/८० को बार्षिक कार्यक्रमहरुको अनुगमन गरिएको छ। कृषकहरुसँग प्रत्यक्ष भेटघाट गरी गुनासाहरु सुनुवाई एबं सुझाबहरु प्राप्त भएका छन्।

८८. कृतिम गर्भाधान मिसन कार्यक्रम संचालन भै राखेको छ उक्त कार्यक्रमले उन्नत नश्ल बृद्धि भई दुग्ध उत्पादनमा टेवा पुग्नेछ।

८९. पशु बिकासलाई व्यवस्थित राख्नको लागि १ जना पशु चिकित्सकको नियुक्ति गरिएको छ। पशु स्वास्थ्यका लागि पालिकास्तरीय प्रयोगशाला संचालन गर्ने तयारी भई रहेको छ।

९०. ५० प्रतिशत अनुदानमा संचालन हुने कार्यक्रमका लागि निबेदन संकलन गरी अनुगमन कार्य समेत गरी आर्थिक बिकास समितिको बैठकबाट छनौट भएका कृषक फर्म, समुह तथा सहकारीलाई सम्झौताको लागि आव्हान गरिएको छ। नश्ल सुधार कार्यक्रम (बोका, भेडा, बंगुर)-७, मासुपसल सुधार कार्यक्रम (उपकरण बितरण)-६, लोकल कुखुरा संरक्षण कार्यक्रम (उपकरण,खोर सुधार)-६, स्थानिय उन्नत गाई/भैसी संरक्षण कार्यक्रम, गोठ सुधार (उपकरण सहित)-१२ कार्यक्रमहरु रहेका छन्।

९१. यस अवधिमा माइनर सर्जिकल सेवा अन्तर्गत (बन्ध्याकरण) ४१ वटा बंगुर, ४२० वटा बोका ७१ वटा बहर गरि जम्मा ५३२ वटा पशुहरुको बन्ध्याकरण गरिएको छ। ११९५ पशुहरुको गोवर परिक्षण, ६८ कुकुर, ६ विरालो र १ वादर गरी जम्मा ७५ लाइ रेविज खोप लगाइएको छ। ११० वटा पशुपंक्षीको गाइनोक्लोजिकल उपचार भएको छ। ११४ वटा गाई र ७३ वटा भैसी गरी जम्मा १८७ पशुहरुको कृतिम गर्भाधान गरिएको छ। हाल सम्म जम्मा ७३४३ पशुपंक्षीलाई मेडिकल उपचार सेवा प्रवाह गरिएको छ।

९२. नगर कार्यपालिकाको निर्णय अनुसार दुध उत्पादन कृषकहरुलाई प्रोत्साहन गर्न ढुवानीको व्यवस्था गरिएको छ। दीर्घकालिनरुपमा ढुवानीको व्यवस्थापन गर्न भन्सार छुटमा चार पाङ्ग्रे सिङ्गल क्याप बोलेरो गाडी खरिदको लागि १०० प्रतिसत भन्सार छुट प्राप्त भएको छ।

९३. यस आ.ब.मा कुल बजेट रकम रु ८१,४५,००० बिनियोजन भएकोमा रु १८,९९,१३० खर्च भएको छ जुन २३.३२ प्रतिशत रहेको छ।

**<u>कृषि बिकास शाखा तर्फः</u>**

९४. कृषि तथा पशु कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन अन्तर्गत किबी खेती, धान बाली, कागती बगैचा, खरबुजा फर्म, साना सिंचाइ, कोदो बाली पकेट क्षेत्रको अनुगमन तथा निरीक्षण गरिएको छ। जसबाट स्थलगत रुपमा कृषकहरुसँग अन्तर्क्रिया गर्ने र सुझाब लिने कार्य भएको छ।

९५. किबी खेती प्रबर्द्धनका लागि राइनास नगरपालिका वडा न. ९ को कुडुलेमा १ दिबसीय अभिमुखीकरण तालिम संचालन गरि करिब १२०० भन्दा बढी किबी विरुवा रोपण कार्य सम्पन्न भइसकेको छ। मध्य पहाडी लोकमार्ग र नेपालडाँडा धमिलिकुवा बोराङखोला सडक आसपासमा रोपिएका विरुवाको संरक्षणमा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्न जनप्रतिनिधी कर्मचारीको उपस्थितिमा करिब १५०० विभिन्न जातका फलफुलका विरुवाहरुको गोडमेल, संरक्षण, घेराबारको अभियान सन्चालन गरिएको छ।

९६. उत्पादनमा आधारित कृषक अनुदान कार्यक्रम अनुरुप स्थलगतरुपमा नै १ लाख २६ हजार के.जी. (२११० मुरी) कोदोलाई कृषकको घर आगँनबाटै नगद अनुदान कार्यक्रम अन्तर्गत प्रति के.जी.रु १३ रुपैया ७५ पैसा (प्रशासनिक खर्च सहित) का दरले जम्मा रु ८ लाख नगद अनुदान बितरण गरीसकेको छ।

९७. नयाँ मौरी पकेट बिकास कार्यक्रम अन्तर्गत वडा न. १, २ र १० लाई समावेशगरी मौरी सहितको २०० घार र मौरी बिनाको १०० घार वितरण निर्णय गरी खरिद प्रक्रिया अगाडी बढाइएको छ।

९८. धानबाली प्रबर्द्धन कार्यक्रम अन्तर्गत ६ निबेदन परेकोमा चैते धान बालीलाई लक्षित गरि प्रगतिशिल दलित बहुउद्देश्यीय कृषक समुह रा.न.पा.-५ मार्फत धान बाली कार्यक्रमको एउटा पकेट क्षेत्र संचालन गर्ने कार्य प्रारम्भ भएको छ।

९९. च्याउ खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत १८६० पोका बीउ खरिद गरी सबै वडाहरुमा बितरण गरिएको छ।

१००. समुह तथा सहकारीमा आवद्ध ११७ जना कृषकहरुलाई समय समयमा तालिम कार्यक्रम संचालन गरी लाभान्वित भएका छन्।

१०१. किसान सूचीकरण र कृषि तथ्याङक अध्याबधिक कार्यक्रम अन्तर्गत सबै वडाहरुमा ३/३ जना गणकहरु खटाई तथ्याङकहरु संकलन गरी एकीकृतको कार्य सम्पन्न भएको छ।

१०२. नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रमको कार्यबिधि निर्माण गरी उक्त कार्यको सुचना प्रकाशन गरिसकेको छ।

१०३. नगरपलिकामा दर्ता र सुचिकृत सहकारीहरुलाई ३ दिने सहकारी संचालन क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ।

१०४. कुल बजेट रकम रु २,२९,१०,००० बिनियोजन भएकोमा रु २०,०३,८७२ खर्च भएको छ जुन ८.७५ प्रतिशत रहेको छ।

**<u>महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फः</u>**

१०५. जेष्ठ नागरिक दिबस र जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिएको छ। उक्त अवसरमा १२० जना जेष्ठ नागरिकहरुलाई सम्मान गरिएको छ।

१०६. जेष्ठ नागरिक दिवा सेवा सञ्चालन गरी ५० जना जेष्ठ नागरिकहरुलाई अवलोकन भ्रमण पनि गराइएको छ।

१०७. वडास्तरीय तिज गित कार्यक्रम सबै वडाहरुमा महिला दिदीबहिनीहरुको उत्साहपूर्ण सहभागीतामा संचालन गरिएको छ।

१०८. लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम अन्तर्गत सेतो रिबन लगाई सुरुगरि नगरस्तरीय श्रीमान श्रीमती जोडी हाजिरी जवाफप्रतियोगिता कार्यक्रम गरी सम्पन्न गरियो जहाँ १३ जोडी सहभागी भएका थिए।

१०९. ३१ औं अन्तराष्ट्रिय अपांगता दिवस बिस्कुट रेस खेल प्रतियोगिता र दुई जना अपांगता भएका व्यक्तिहरुको सम्मान कार्यक्रम गरी मनाइएको छ।

११०. चालु आ.व.को हालसम्म अपांग परिचयपत्र बितरण अन्तर्गत क वर्ग १ जना, ख वर्ग ९ जना, घ वर्ग १ जना गरी जम्मा ११ जनालाई अपांग परिचयपत्र बितरण गरिएको छ।जेष्ठ नागरिक परिचयपत्र हाल सम्म जम्मा ४८१ जनालाई बितरण गरिएको छ।

१११. न्यायिक समितिमा हालसम्म पेश भएका गुनासो, उजुरी र विवादहरु २६ वटा रहेको र त्यसमध्ये १८ वटा उजुरीहरुको न्यायिक निरुपण भएको र बाँकी निरुपणको प्रक्रियामा रहेका छन्। यसबाट जनताको घर आगनको सरकारको रुपमा रहेको स्थानीय तहले सिघ्र न्यायिक निरुपण गर्नेछ भन्ने विश्वास जनतामा अनुभूति भएको छ।

११२. १० वटै वडाका मेलमिलापकर्ताहरुको बैठक संचालन गरिएको छ।

११३. हालसम्म अपाङ्गता समन्वय समितिको बैठक ३ पटक र न्यायिक समिति बैठक १९ पटक बसी बिभिन्न निर्णयहरु गरेको छ।

११४. महिला जनप्रतिनिधि तथा कर्मचारीहरुलाई ३ दिने उद्घोषण तथा क्षमता अभिबृद्धि तालिम संचालन गरियो जसमा २६ जनाको सहभागिता रहेको थियो।

११५. अपाङ्गता भएका व्यक्तिहरुको सिपलाई व्यवसायमा रुपान्तरण गर्नको लागि कुखुरा पालन सम्बन्धि ३ दिने तालिम संचालन गरि बस्तुगत टेवाको रुपमा बिउपूँजी समेत उपलब्ध गराइएको छ।यसबाट २० जना लाभान्वित भएका छन्।

११६. वडास्तरीय बालक्लब संञ्जाल गठन र नगरपालिकास्तरीय बाल भेला गरि २१ सदस्यीय नगर बाल संञ्जाल गठन गरिएको छ।

११७. ११३ औं अन्तराष्ट्रिय महिला दिवस राइनास नगरपालिकाको १० वडाहरुमा वडास्तरीय रुपमा अन्तरक्रिया, हाजिरीजवाफ प्रतियोगिता, कुर्चीचाल खेल प्रतियोगिता, दुनाटपारी बुनाई प्रतियोगिता, बेलुन फुटाई, जेष्ठ तथा एकल महिला सम्मान कार्यक्रम, लोक गित प्रतियोगिता, भाषण कला प्रतियोगिता लगायतका बिबिध कार्यक्रम गरी भव्य रुपमा सम्पन्न गरिएको छ।

११८. ४० जना जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई बालमैत्री स्थानीय शासन संचालन प्रक्रिया सम्बन्धि १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ।

११९. उद्यमशिलता विकास अन्तरगत राइनास नगरपालिका वडा नं. १,२,३ र ८ मा दुनाटपरी सम्बन्धी व्यवसायिक सचेतना कार्यक्रम संचालन गरिएको छ। जसबाट ८० जना महिला दिदीबहिनीहरु लाभान्वित भएका छन्।

१२०. नगरक्षेत्रमा प्लास्टिक जन्य सामानको प्रयोगलाई न्यूनीकरण गर्दै पातबाट निर्मित सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्न दुनाटपरी तथा कपडाको झोला सम्मेलन गरिएको छ। हालसम्म करिव २५००० दुना टपरीका लाफाहरु तयार गरिएको पालिकाका सबै कार्यक्रममा दुनाटपरी प्रयोग गर्न प्रोत्साहन गरिएको र मिलीजुली सहकारी संस्था हर्रबोटले दुनाटपरी प्रशोधन एवं बजारीकरण सम्बन्धी कार्य गर्दै आएको छ।

**सामाजिक सुरक्षा तथा विपन्न नागरिक सहायतातर्फः**

१२१. यस अवधिमा नगरपालिकाका १० वटै वडा कार्यालमा अनलाइन घटना दर्ता प्रणाली संचालन गरिएको छ। वडाहरुमा रहेको घटना दर्ताहरुको रजिष्टरहरु डिजिटाइजेशनको कार्य सम्पन्न भएको छ।१० वटै वडा कार्यालयहरुमा सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गरिएको छ। सामाजिक सुरक्षा भत्ता खाने लाभग्राहीको संख्या ३०८७ रहेको र दोश्रो त्रैमासिक सम्ममा २ करोड ९२ लाख ४९ हजार ३ सय ४ रुपैयाँ वितरण गरिएको छ। जसको विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।

१२२. बर्षायामको बाढी पहिरो लगायत बिभिन्न किसिमका बिपतमा परी घरमा नै बस्न अयोग्य भएको भनी परेका निबेदन उपर स्थलगतरुपमा नै प्राबिधिकले ३८ घरपरिबारको निरीक्षण अनुगमन गरी बास्तबिक पिडित २४ घरपरिबारलाई राष्ट्रिय बिपद जोखिम न्युनीकरण तथा व्यबस्थापन प्राधिकरणमा समस्या समाधानको लागि पेश गरिएको छ।

१२३. दीर्घरोगबाट प्रभावित नागरिकको जीवन रक्षार्थ यस आ.ब.मा बिपन्न नागरिक उपचार अन्तर्गत मुटुरोगी- ८ जना, मृगौलारोगी- ३ जना, क्यान्सररोगी- ८ जना र स्पाइनल इन्जुरी रोगी- १ जना गरी हालसम्म २० रोगीहरुलाइ सम्बन्धित अस्पतालमा सिफारीस गरिएको छ।

१२४. ४ प्रकारका दीर्घ रोगहरु क्यान्सर, मृगौला प्रत्यारोपण, मृगौला डायलासिस, इस्पाइनल इन्जुरीका विरामीहरुका लागि सामाजिक सुरक्षाका लागि मासिक ५ हजारका दरले २९ जनालाई ८ लाख ७० हजार रुपैया निकासा भएको छ।

१२५. विपतमा परेका, दीर्घ रोगका कारण औषधि उपचार गर्न नसक्ने विपन्न नगरवासीहरुका लागि तत्काल राहत स्वरुप ६६ जनालाई रु. ८ लाख ९४ हजार आर्थिक सहायता वितरण गरिएको छ।

१२६. विपतमा परेका नगरवासीका घर टहरा र जमिनको संरक्षण गर्न ३६८ थान ग्याविन जाली वितरण गरिएको छ। ग्याविन जालीहरुको प्रयोगलाई अनिवार्य गरिएको छ।

१२७. हाल सम्मको व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म दर्ता- १३७, मृत्युदर्ता-२९, सम्बन्ध विच्छेद- ८, बसाईसराई आएको- १०, बसाईसराई जाने- २७, बिवाह दर्ता- ४८ गरी जम्मा २२६ वटा अनलाइन घटना दर्ता भएको छ।

**प्रशासन तथा वडा कार्यालयतर्फः**

१२८. आ.व. २०७८/७९ को बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ। जिन्सी निरीक्षण कार्य सम्पन्न भएको छ।

१२९. राइनास नगरपालिकामा बिभिन्न तहका जम्मा कर्मचारी दरबन्दी १३३ रहेको छ जसमा हाल ९८ दरबन्दीमा कर्मचारी कार्यरत रहेको पाइन्छ। ४४ दरबन्दी मध्ये २० दरबन्दी लोकसेवामा पदपुर्तिको लागि माग गरि सकिएको छ र बाँकी दरबन्दी प्रकियामा रहेको छ।

१३०. यस आ.ब.मा बिभिन्न सेवामा करार कर्मचारी नियुक्तिका लागि १० वटा बिज्ञापनबाट ११ जना कर्मचारी नियुक्ती गरि सकिएको छ।

१३१. यस अवधिमा समग्र वडा कार्यालयबाट प्रवाह भएका सेवाहरु र संकलन भएको राजस्व हेर्दा ६ नं. वडाबाट तुलनात्मक रुपमा धेरै सेवा प्रवाह र कम सेवा प्रवाह वडा न.१ मा भएको देखिन्छ।

१३२. नगरपालिका अन्तरगतका १० वटा वडाका योजना र राजश्वको वडागत विवरण अनुसूची २ मा रहेको छ। चालु आ.व. २०७९/८० को फागुन २५ गते सम्मको वडागत योजना तथा राजश्व संकलनको अवस्था अनुसूची २ मा उल्लेख गरिएको छ। तथ्याङ्क विश्लेषण गर्दा स्थानीय स्रोत परिचालनमा चुनौती थपिएको छ।

**आदरणीय सभाअध्यक्षज्यू,**

अब म नगरपालिकाको सेवा प्रवाहलाई छिटो छरितो, मितव्यायी, प्रभावकारी, पारदर्शी, जवाफदाही, उत्तरदायी बनाउदै जनमुखी प्रशासनलाई व्यवहारमा कार्यन्वयनमा लैजान नगरपालिकाले अवलम्बन गरेका नितिगत संस्थागत र व्यावहारिक सुधारका प्रयासहरु संक्षिप्तमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**<u>सूचना तथा संचार प्रविधि शाखा तर्फः</u>**

१३३. सम्पूर्ण वडा कार्यालय तथा नगरपालिका अन्तर्गतका शाखाहरुमा इन्टरनेट सुविधाको विस्तार भएको छ।

१३४. नगरपालिकामा संचालनमा रहेका वेवसाइट, सुत्र, पञ्जीकरण र राजश्व संकलन कार्य अनलाइन प्रणालीबाट संचालन भएका छन। व्यवसाय दर्ता, नविकरण र सुचीकरण कार्य अनलाइन प्रणालीमा लैजाने प्रक्रिया प्रारम्भ गरिएको छ।

१३५. नगरकार्यपालिकाको वैठकबाट भएका सबै निर्णयहरु नगर प्रवक्ता मार्फत सार्वजनिक गर्ने गरिएको छ। यसले नगरपालिकाको पारदर्शि सरकारको अवधारणलाई प्रवर्द्धन गरेको छ।

१३६. नगरपालिकाका सम्पूर्ण गतिविधिहरुलाई सरोकारवाला समक्ष छिटो छरितो पुऱ्याउन ब्लक एस. एम. एस. प्रणालीको व्यवस्था गरिएको छ।

**<u>शासकीय सुधार र सुशासन प्रवर्द्धनतर्फः</u>**

१३७. राइनासको अधिकांस भु-भाग सिंचित गर्ने राइनासटार सिचाइ आयोजना र निर्माणाधिन चम्पाबती हाइड्रोपाबर चेपे A बिचमा उत्पन्न बिबादलाई शान्तिपूर्ण सम्बाद र छलफलको माध्यमबाट समाधान गर्नको लागि नगरपालिकाको तर्फबाट बिभिन्न मितिमा पत्राचार, छलफल तथा सार्बजनिक सुनुवाई र उर्जा, जल तथा सिंचाई मन्त्रालयको बिज्ञ समुहद्धारा २ पटक सम्म अध्ययन अनुगमन तथा निरीक्षण गराई उक्त समस्यालाई राष्ट्रिय सरोकारको बिषय बनाउन सकिएको छ। हाल राइनासटार सिचाई आयोजनाको विवादको विधिवत् निरुपणको लागि उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयले पहल कदमी लिइएको छ। राइनास नगरपालिकाले उक्त विवादको विधिवत समाधानको लागि उच्चस्तरीय पदाधिकारीबाट विद्युत बिकास आयोजना निर्माण कम्पनी, राइनासटार सिचाई जलउपभोक्ता समिति, राइनास नगरपालिका, उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय सहितको आम उपभोक्ताको उपस्थितिमा सिचाई नहरमाथी कुनै पनि प्रकारको अवरोध नहुने सुनिश्चतता सहित सिचाई आयोजना जलउपभोक्ता समितिलाई जुनसुकै समयमा विद्युत गृहले पानीको प्राकृतिक वहावमा असर पुऱ्याइ सिचाई इन्टेकमा प्रयाप्त पानी आपूर्ती नभएमा विद्युत गृह बन्द गर्न सक्ने अधिकार सिर्जना हुने कानुनी मान्यता प्राप्त खुला समझदारी पत्रको लागि पहल गरिएको छ।

१३८. नगरपालिकालाई सुन्दर व्यवस्थित कृषि शहर बनाउन उर्भर कृषि जमिनको संरक्षण गर्न दिर्घकालिन योजनाका साथ प्रारम्भिक चरणको कृषि तथा गैर कृषि क्षेत्र तोक्ने कार्य गरिएको छ।

१३९. यस पालिकाको १० वटै वडाका मुख्य सडकहरुलाई बाह्रै महिना गाडी संचालन हुनसक्ने बनाउनको लागि मर्मत सम्भार कार्यलाई निरन्तरता दिइएको छ।

१४०. नगरपालिकामा उत्पन्न भएका बिभिन्न प्रकारका फोहोरमैला व्यवस्थापनका लागि राइनास नगरपालिका वडा न. ४ र ५ को चेपे नदी नजिक ल्याण्डफिल्ड पार्क निर्माण गर्नको लागि विभिन्न चरणमा स्थलगत निरीक्षण अनुगमन गरी सरोकारवालाहरुसँग छलफलको गरिएको छ।पूर्वाधार निर्माणको लागि प्रारम्भिक अध्ययन कार्य सम्पन्न भएको छ।

१४१. राइनास नगरपालिका र पालुङटार नगरपालिकाले शासन, सेवा र विकासका साझा सवाल र चासोका सन्दर्भमा दुई पालिकाका प्रमुखहरुको वीचमा २०७९/०९/१२ गते  चेपे नदीको संरक्षण, विद्युतिय करेन्ट तथा विष प्रयोग गरि माछा लगायत जलचर प्राणीहरु मास्ने गतिविधिहरुको नियन्त्रण गर्ने, बहुउद्देश्यीय वृहत जलासयका लागि सम्भाव्यता अध्ययन गर्ने, लिगलिगकोट तथा राइनासकोट जोड्ने पदमार्ग निर्माण र संयुक्त घाट संचालन गर्ने गरी विकासका गतिविधि अगाडि वढाउन विभिन्न चरणमा छलफल भएको छ।

१४२. नगरपालिकाको कार्य क्षेत्र एवं कार्यचाप र कार्यरत कर्मचारीको संख्या, क्षमता वीच तादाम्यता हुने गरी प्रारम्भिक संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न स्थानीय बिकास प्रशिक्षण प्रतिष्ठानको प्राविधिक सहयोगमा सर्वेक्षण कार्य भईरहेको छ।

१४३. चालु आ.ब. देखि शाखा प्रमुखहरुबाट कार्यापालिकामा कार्य प्रगति पेश गर्ने कार्य सुरुवात गरिएको छ। यसबाट शाखा प्रमुखहरु थप जिम्मेवार र उत्तरदायी हुनेछन्।

१४४. राइनास नगरपालिकाको बास्तबिक तथ्याङक तथा सुचनाहरु व्यबस्थित गरी गुणस्तरीय र बिश्वसनिय नगर प्रोफाइल निर्माणका लागि सबै वडाहरुबाट तथ्याङकहरु संकलन गरी भेरीफिकेसन र टेबुलेसनको कार्य सम्पन्न भएको छ।

१४५. नियमित रुपमा कर्मचारी एवं शाखा प्रमुख वैठक बसी वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन समिक्षा, समस्या एवं चुनौती विषयमा छलफल गर्ने कार्यको प्रारम्भ गरिएको छ।

१४६. राइनास नगरपालिकामा हाल सम्म ४८ वटा ऐन, कानुन तथा कार्यबिधिहरु स्वीकृत भई राजपत्रमा प्रकाशित गरिएको छ। यस आ.ब.को हाल सम्म ११ वटा ऐन, कानुन तथा कार्यबिधिहरु स्वीकृत भै स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ। कानुनी शासनको अबधारणलाई साकार पार्ने अभिलासा राखिएको छ।

१४७. भुमिहीन सुकुम्बासी, भुमिहीन दलित तथा  अब्यबस्थित बसोबासीहरुको कुल जम्मा ४४६ वटा निबेदन परेको छ।जसमध्ये भूमीहिन सुकुम्बासी-७० वटा, भुमिहीन दलित-१०३ वटा र अव्यबस्थित बसोबासी -२१९ वटा रहेका छन।नगरस्तरीय सहजीकण समितिको दुई चरणको छलफलबाट निजहरु ३ पुस्ते विवरण खुलाई पठाउन वडा कार्यालयलाई पठाइसकिएको र निजहरुको नाममा जग्गा भए/नभएको यकीन गरी पठाउन राष्ट्रिय भूमि आयोग जिल्ला कार्यसमितिमा अनुरोध गरिएको छ।

१४८. नगरपालिकाको कुल वेरुजु रु. १८ करोड ८० लाख मध्ये चालु आ.व.मा रु. ४ करोड ७७ लाख संपरीक्षण भएको छ।वेरुजु फरछ्यौट २५ प्रतिशत भएको छ।गत आ.बको कुल बेरुजू ९ करोड ८० लाख मध्ये असुल उपर गर्नुपर्ने, सैद्धान्तिक, अनियमित, पेश्की प्रतिवेदन पेश गर्नुपर्ने बेरुजू क्रमश १ करोड ३९ लाख, ७० लाख, १ करोड १८ लाख, ३ करोड ७० लाख र २ करोड ८१ लाख रहेको छ।

१४९. चालु आ.व.मा योजना अनुगमन तथा फरफारक कार्यविधि अनुसार योजनाहरुको गुणस्तर तथा कार्य परिमाण सुनिश्चित गर्न अनुगमन कार्यलाई कडाईका साथ कार्यान्वयनमा ल्याइएको छ।

१५०. दोश्रो त्रैमासिक सम्मको कार्य प्रगतिको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ। यसबाट पारदर्शी, उत्तरदायी र खुला सरकारको अवधारणा कार्यान्वयन गर्ने अभ्यास बसाल्न सकिएको छ।

१५१. सबै किसिमका खरिदलाई मितव्ययी र प्रभावकारी बनाउन सार्वजनिक खरिद अनुगमन कार्यालयको इ. जि. पि. प्रणाली कार्यान्वयनमा ल्याइएको छ। खुला र प्रतिस्पर्धी मूल्यमा खरिदको व्यवस्था गरिएको छ।

**अन्त्यमा,**

राइनास नगरपालिकाको दशौं नगरसभामा प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरु मध्ये हालसम्म सम्पादन भएका कार्यक्रमहरुलाई सम्पादन गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद सहित बाँकी कार्यक्रम कार्यान्वयन गर्न सम्पूर्ण संघ, प्रदेश, जिल्ला र स्थानीय तहका जनप्रतिनिधिज्यूहरु, क्रियाशिल राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विशेष भूमिकामा रहनुभएका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न संघ संस्था एवं नागरिक समाजका प्रमुख एवं प्रतिनिधिज्यूहरु र सम्पूर्ण राइनास नगरवासीहरुलाई सक्रिय सहभागिता र सहयोगको लागि हार्दिक अनुरोध गर्दछु। सदा झै राइनासको बिकास र समृद्धिको लागि निरन्तर सकरात्मक सल्लाह, सुझाव र सक्रिय सहभागिताको अपेक्षा गर्दछु।

धन्यवाद।

पुष्पराज खनाल
नगर उपप्रमुख
राइनास नगरपालिका, लमजुङ

## अनुसूची-१

| क्र.सं. | लक्षित समूह | संख्या | भत्ता दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ज्येष्ठ नागरिक भत्ता | १७९१ | ४००० | २१२८२६३९ | |
| २. | ज्येष्ठ नागरिक भत्ता दलित | २४० | २६६० | १८६९००५ | |
| ३. | ज्येष्ठ नागरिक एकल महिला भत्ता | २१९ | २६६० | १७४२३०० | |
| ४. | विधवा भत्ता | २८१ | २६६० | २२१५५१४ | |
| ५. | पूर्ण अपाङ्गता क वर्ग | ४९ | ३९९० | ५८६५३० | |
| ६. | पूर्ण अपाङ्गता ख वर्ग | १६१ | २१२८ | १०२५६९६ | |
| ७. | बालपोषण भत्ता | ३४६ | ५३२ | ५२७६२० | |
| जम्मा | | ३०८७ | | २९२४९३०४ | |

## अनुसूची-२

| वडा नं. | कुल योजना | योजना सम्झौता | योजना सम्पन्न | राजश्व संकलन |
|---|---|---|---|---|
| १ | १९ | १३ | ६ | १५८४८७ |
| २ | १२ | १२ | ८ | २०१५०९ |
| ३ | २२ | २० | ११ | ५३२८०६ |
| ४ | १८ | ९ | २ | ८१७४२१ |
| ५ | १० | १० | ८ | ४१०६५८ |
| ६ | २१ | २० | ५ | ११७९०५२ |
| ७ | १५ | १३ | ८ | ३०१७३५ |
| ८ | १६ | ९ | ३ | ८३१८१६ |
| ९ | २२ | १७ | २ | २३४०२६ |
| १० | १५ | १३ | २ | ३७३६२२ |
| जम्मा | १६९ | १३६ | ५५ | ५९४५२८२ |

अनुसूची ३

| क्र. सं. | ऐन, कानून तथा कार्यविधिहरु | भाग | खण्ड | संख्या | प्रमाणिकरण मिति | प्रकाशित मिति |
|---|---|---|---|---|---|---|
| १. | संगठन संरचना हेरफेर तथा संशोधन, | १ | ४ | १ | २०७९।०४।१० | २०७९।०४।१२ |
| २. | कृषि तथा पशुजन्य उपजको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०७९ | २ | ४ | २ | २०७९।०४।१० | २०७९।०४।१८ |
| ३. | राइनास नगरपालिकामा करारमा प्राविधिक र विविध सेवाका कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ | २ | ४ | ३ | २०७९।०४।१० | २०७९।०४।१८ |
| ४. | नगर खेलकुद विकास कार्यविधि, २०७९ | २ | ४ | ४ | २०७९।०४।१० | २०७९।०४।१८ |
| ५. | टोल बिकास संस्था संचालन कार्यविधि-२०७९ | २ | ४ | ५ | २०७९।०७।२४ | २०७९-०७-२५ |
| ६. | संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि-२०७९ | २ | ४ | ६ | २०७९।०७।२४ | २०७९-०७-२५ |
| ७. | अति बिपन्न, बिपन्न दलित जनजाती र अल्पसंख्यक समुदाय स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि,२०७९ | २ | ४ | ७ | २०७९-१०-०३ | २०७९-१०-०४ |
| ८. | नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ | २ | ४ | ८ | २०७९-११-१७ | |
| ९. | राइनास नगरपालिका खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०७९ | | | | | |
| १०. | साँध सिमानामा रहेको रुख, विरुवा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९ | | | | | |
| ११. | शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०७९ | | | | | |
| १२. | छात्रवृत्ति वितरण तथा व्वस्थापन कार्यविधि, २०७९ | | | | | |
| १३. | स्थानीय वालअधिकार समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७९ | | | | | |
| १४. | बाल क्लव गठन तथा सञ्चालन, २०७९ | | | | | |






"हाम्रो राइनास नगरः कृषि, पर्यटन, शिक्षा र वातावरण मैत्री शहर"
राइनास नगरपालिका
एघारौं नगर सभा
२०८१ फागुन २७ र २८ गते
स्थानः तीनपिप्ले, लमजुङ












एघारौं नगर सभा




एघारौं नगर सभा


एघारौं नगर सभा

